# खाद्यान्न सञ्चय निवारण ऐन २००८

देशमा परेको अन्नको कमी हटाउन अन्न जम्मा गरी थुपऱ्याई राख्ने बन्द गर्न जरुरी देखिएकोले हामी श्री ५ महाराजाधिराजबाट आफ्नो मन्त्रिमण्डलको सल्लाहले यो कानून जारी गरिबक्सेको छ ।

१. (१) यो कानूनलाई नेपाल खाद्यन्न सञ्चयको निवारण ऐन, २००८ भनिनेछ।

(२) यो ऐन तुरून्तै लागू हुनेछ ।

२. जसले आफूसँग वा आफ्नो अधीनमा खाने अन्न निजी आवश्यकता, आफ्नो परिवारको आवश्यकता, आफ्नो व्यवसाय, पेशा र खेतीवाल भए बीउको दरकार इत्यादिलाई चाहिनेभन्दा बढ्ता राखेको भए अन्न थुपऱ्याई राखेको भनिनेछ ।

३. त्यस्ता व्यक्ति जो सरोकारवाला बडाहाकिमका रायमा अन्न थुपऱ्याई राखेका भनी ठहरिन्छ साम्प्रदायिक परिपालनको निमित्त आवश्यकीय सामानप्रति प्रतिकूल काम गरेको भनी नेपाल जन सुरक्षा कानून दफा २(१) (ख) बमोजिम थुनाईमा पर्नेछ ।

४. कसैले अन्न थुपरयाई राखेको हो भनी बडाहाकिमको चित्त बुझेमा उनको आदेश बमोजिम सो सो बढी अन्न खुला बजार भाउमा अथवा बडाहाकिमले



नेपाल कानून आयोग

किटिदिएका उचित भाउमा बडाहाकिमले तोकिएको मानिस अथवा मानिसहरुलाई बिक्री गरिदिनेछ । माथि लेखिएको कारवाई बडाहाकिमले नेपाल जन सुरक्षा कानूनको अतिरिक्त अथवा बदलामा लिनेछन् ।

५. अन्न थुपऱ्याई राखेको भनी मनासिब शंका लागेमा बडाहाकिमले उत्तरदायी मानिसद्वारा घरको खानतलासी लिन पाउनेछन्, त्यस्तो तलासी लिंदा घरका मानिसहरुलाई नोटिश दिएर उनको इज्जत पर्दाका कदर राखी शिष्टता र भद्रतापूर्वक काम गर्नुपर्छ ।

६. दफा ५ बमोजिमको खानतलासी लिंदा कुनै मानिसले बाधा अथवा रोकटोक गरेमा ६ महिनासम्मको जेल सजाय अथवा रु. ५०० सम्म जरिवाना अथवा दुवै सजाय पाउँनेछ ।

७. (१) कुनै मानिसले दफा ४ बमोजिम थुपऱ्याई राखेको बढ्ता अन्न बिक्री गराउन नमानेमा अथवा सो अन्नको बिक्रीमा बाधा अथवा रोकटोक गरेमा १ वर्षसम्मको जेलसजाय अथवा रु. ५०० सम्म जरिवाना अथवा दुवै सजाय पाउनेछ ।

(२) बढ्ता थुपरयाएको अन्न बिक्री गराउन नमानेमा बाधा अथवा रोकटोक गरेमा बडाहाकिमले सो बढी अन्न बलात्कार पक्रन र

नेपाल कानून आयोग

आफ्नो अर्डरअनुसार बिक्री गराउन पाउनेछ । बढी अन्न मालधनीलाई नै दिइनेछ ।

८. यो कानूनबमोजिमको अख्तियारको काम गर्दा बडाहाकीम अथवा उनले खटाएका प्रमाणित मानिसहरुउपर अदालतमा मुद्दा अथवा कारवाही चल्ने छैन ।

इति संवत् २००८ साल आषाढ गते रोज शुभम्---------------------

-----------------------------------------------------------------------------

साभारः अधिवक्ता सुधानाथ पन्त, नेपालको कानूनी व्यवस्था र प्रजातन्त्रको विकासको दर्पण, जुरिष्ट एण्ड कम्पनी (प्रा.) लि, बागबजार, काठमाण्डौ, प्रथम संस्करण, २०६३

नेपाल कानून आयोग